# मदिरा निषेधित क्षेत्र घोषणा कार्यान्वयन आदेश, २०७४

**गाउँ कार्यपालिकाबाट निर्णय भएको मितिः २०७४।०५।१२**

डिलासैनी गाउँ कार्यपालिकाको मिति २०७४।०५।१२ को वैठकले गाउँपालिकालाई मदिरा निषेधित क्षेत्र घोषणा गर्ने निर्णय गरेकोमा तत्काल गाउँसभाको अधिवेशन चालु नरहेकोले सो निर्णयको कार्यान्वयन गर्न आवश्यक भएकाले गाउँकार्यपालिकाको मिति २०७४।०५।१२ को निर्णय अनुसार देहायको आदेश जारि गरिएको छ ।

**१. मदिरा विक्री, वितरण र सेवन गर्नमा प्रतिबन्धः** डिलासैनी गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले मदिरा विक्री, वितरण र सेवन गर्न पाइनेछैन । मदिरा विक्री, वितरण र सेवन गर्ने कार्य यस आदेशबमोजिम दण्डनीय हुनेछ ।

**२. दण्ड र जरिवानाः** डिलासैनी गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्तिले मदिरा सेवन गरेमा पहिलो पटक रु १५००, दोस्रो पटक रु २००० र त्यसपछि हरेक पटकका लागि रु ५०० थप जरिवाना गरिनेछ । कुनै व्यक्ति वा संस्थाले मदिराको विक्री, वितरण गरेमा पहिलो पटक रु ५०००, दोस्रो पटक रु ७००० र त्यसपछि हरेक पटकका लागि रु २००० थप जरिवाना गरिनेछ । मदिरा ओसारपसार गर्ने व्यक्ति वा संस्थालाई रु २००० जरिवाना गरिनेछ ।

तर, यो आदेश प्रारम्भ हुँदाका बखत मदिरा विक्रीको अनुमति लिई विक्री गरिरहेका व्यक्ति वा फर्महरुले आदेश जारि भएपछि २०७४ साल असोज मसान्तसम्म मदिरा विक्री गर्न सक्नेछन् । असोज मसान्तसम्म व्यक्ति वा फर्मले मदिरा विक्री, फिर्ता वा नष्ट गरी सक्नु पर्नेछ ।

**३. जरिवाना असूल गर्ने विधिः** आदेशको बुदा नं १ बमोजिमको कसुर गर्ने व्यक्ति वा संस्थाले आदेशको बुदा नं २ बमोजिमको जरिवाना गाउँपालिकाको सम्बन्धित वडा कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालयमा दाखिला गरी नगदी रसीद लिएपछि निजलाई कसुरमुक्त वा फुकुवा गरिनेछ ।

**४. सर्जमिनसम्बन्धी व्यवस्थाः** कुनै पनि व्यक्ति वा संस्थाले यस आदेशमा उल्लेख भएबमोजिमको कसुर गरेको सम्बन्धमा डिलासैनी गाउँपालिकाको निर्वाचित प्रतिनिधि वा कर्मचारीको रोहवरमा गरिएको सर्जमिनलाई समेत आधार बनाइने छ । सर्जमिनमा स्थानीय सुरक्षा निकायका प्रतिनिधिको रोहवर अनिवार्य हुनेछैन ।

**५. सुरक्षा निकायको सहयोगः** यस आदेशको कार्यान्वयनका लागि सुरक्षा निकायको सहयोग माग भएमा तत्काल सहयोग गर्नु सुरक्षा निकायको कर्तव्य हुनेछ । यस आदेश बमोजिमको कसुरदारलाई पक्रने, सम्बन्धित वडा कार्यालय वा गाउँ कार्यपालिकासम्म लग्ने कार्यमा सुरक्षाकर्मीले सहयोग गर्नु पर्नेछ । यस आदेशबमोजिम जरिवानाबाट प्राप्त भएको रकमको २५ प्रतिशत रकम सहयोग गर्ने सुरक्षा निकाय वा सुरक्षाकर्मीलाई प्रोत्साहनस्वरुप प्रदान गरिनेछ ।

**६. आदशको निरन्तरता र खारेजीः** (१)यो आदेश जारी भएपछि बसेको गाउँसभाको बैठकले यस आदेशलाई स्वीकृत गरी निरन्तरता दिन सक्नेछ ।

(२)गाउँसभाले स्वीकृत नगरेमा स्वतः निष्क्रिय हुनेछ ।